


# प्रदेश-३




2018, JUN
Friday
22

होटल व्यवसाय गर्दै आएका सुदर्शन मोक्तानको २३ महिनाकी छोरीलाई बिस्कुट दिएर माया गर्ने नाममा अपहरण गरी गोसाइस्थान जंगलमा पुर्‍याई उनले कानमा लगाएको मुन्द्रा फुकालेर बालिकालाई जंगलमै बेवारिसे अवस्थामा छाडेर फरार भएका थिए।

# ऐतिहासिक दोलखा शहरमा अझै भूकम्पको भग्नावशेष

चिरञ्जीवी मास्के, दोलखा



कुनै बेला छुट्टै राज्य रहेको दोलखा भीमेश्वर नगरपालिका वडा नम्बर २ मा पर्ने ऐतिहासिक दोलखा शहरमा भूकम्पपछिको पुनर्निर्माणको काम १५ प्रतिशत पनि सकिएको छैन। दोलखा शहर पुग्दा अहिले पनि विनाशकारी भूकम्पले क्षति पुगेका भग्नावशेष देख्न सकिन्छ।

किन पुनर्निर्माणको काम अघि बढ्न सकेन त दोलखा शहरमा? भीमेश्वर नगरपालिका वडा नम्बर २ का वडा अध्यक्ष विराज श्रेष्ठ भन्छन्- 'बहुस्वामित्वको समस्या र ऐतिहासिक ढङ्गले पुनर्निर्माण गर्न नगरपालिकाले निश्चित मापदण्ड दिन नसक्दा पुनर्निर्माणमा ढिलाई भइरहेको छ। झन्डै ५ सय घरधुरी रहेको दोलखा शहरका ५०/६० वटा घर पुनर्निर्माण भएका छन्। बाँकी घर भने अझै पनि पुनर्निर्माण हुन सकेका छैनन्।

बाइसे चौबीसे राज्यकालमा छुट्टै दोलखा राज्य रहेको ऐतिहासिक शहरलाई सांस्कृतिक सम्पदाको शहरको रूपमा पुनर्निर्माण गर्ने नगरपालिकाको योजना रहेको भए पनि विनाशकारी भूकम्प गएको ३ वर्ष बितिसक्दा समेत निश्चित मापदण्ड निर्धारण गर्न नसक्दा पुनर्निर्माणमा ढिलाई भएको स्थानीयले गुनासो गरेका छन्। काठमाडौंमा बस्ने दोलखाका प्रबुद्ध व्यक्तिले ठूलाठूला योजना सुनाउने तर काम गर्न आफू पनि अग्रसर नहुने र अरूलाई पनि गर्न नदिने प्रवृत्तिले पनि समस्या निम्त्याएको स्थानीय गुनासो गर्छन्। नगरपालिकाको योजनाअनुसार शहरका प्रत्येक घरमा एकै डिजाइनको इँटा टाँस्ने, कलात्मक झ्याल ढोका राख्ने भए पनि सो अनुसार कार्ययोजना बनाएर काम गर्न सकेको देखिँदैन। नगरपालिकाले निश्चित कार्ययोजना पनि नदिने र आफ्नो ढंगले घर निर्माण गर्दा पनि पास नगरिदिने समस्याले स्थानीय पीडित बनेको वडा नम्बर २ का वडाअध्यक्ष एवं दोलखा शहरका बासिन्दा विराज श्रेष्ठको गुनासो छ।

भीमेश्वर नगरपालिकाका प्रमुख भरत केसी नगरपालिकाको तर्फबाट दोलखालाई सांस्कृतिक सम्पदाको शहर बनाउन आवश्यक सहयोग र समन्वय भइरहेको उल्लेख गर्दै दोलखामा देखिएको बहुस्वामित्वको समस्या समाधानका लागि केन्द्रीय सरकारले नै निश्चित कार्ययोजना निर्माण गर्नुपर्ने बताउँछन्।

शहरी विकास तथा भवन डिभिजन कार्यालय दोलखाका प्रमुख एकराज अधिकारी ऐतिहासिक दोलखा शहरलाई सांस्कृतिक सम्पदाको शहर बनाउने कुरामा वडा र नगरपालिकाबीच समन्वय नहुँदा समस्या भइरहेको बताउँछन्। दोलखालाई सांस्कृतिक सम्पदाको शहर बनाउन आफूले आवश्यक पहल गरेर शहरी विकास विभागमार्फत कार्ययोजना तयार गरी काम शुरू गर्न लागेको अधिकारीले बताए। 'दोलखा मुलुककै महत्त्वपूर्ण पुरातात्विक शहरमध्येमा पर्दछ, त्यसैले यसको पुनर्निर्माण पुरातात्विक महत्त्वलाई कायम राख्ने गरी शुरू गर्नुपर्छ' -अधिकारीले भने। तर कार्ययोजना तयारीमा ढिला भएकाले केही घर बनिसकेको र यसले समस्या हुनसक्ने अधिकारीको भनाइ छ। अब तत्कालै वडा र नगरपालिकाले समन्वय गरेर स्थानियको पूर्ण सहभागितामा काम अगाडि बढाउनुपर्ने अधिकारी बताउँछन्। त्यसका लागि आफूले समन्वय गर्ने अधिकारीको भनाइ छ।

दोलखा जिल्लामा गुनासो सुनवाइसमेत गरेर ६२ हजार ८ सय ३३ परिवारको नाम लाभग्राहीको सूचीमा रहेकामा ६० हजार ६ सय १२ परिवारले अनुदान सम्झौता गरेका छन्। जसमा पहिलो किस्ता ५८ हजार १ सय ६८, दोस्रो किस्ता ४३ हजार ३ सय २ र तेस्रो किस्ता २३ हजार ९ सय ९८ परिवारले लिएको भूकम्पीय आवास पुनर्निर्माण आयोजना जिल्ला आयोजना कार्यान्वयन एकाइ दोलखाले जनाएको छ।

## कानको सुन लुट्न बच्चा अपहरण

काभ्रे, (नेस)


कानमा लगाएको बच्चाको सुन लुट्न बच्चालाई ललाई फकाई अपहरण गरिएको छ। बच्चालाई फकाउने र आफूसँग नजिक बनाएपछि एकान्तमा पुर्‍याएर कानमा लगाएको सुन लुटेर अलपत्र पारी फरार हुने व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ।

सधैं घरमा आउने, होटलमा चिया खाने बाहनामा बच्चासँग नजिक हुने र बच्चालाई अपहरण गर्नै नयाँ शैली सार्वजनिक भएको छ। साविक देवीटार गाविस हाल धुलिखेल नगरपालिका-१ घर भएका २८ वर्षीय मनोज भुजेलले बनेपा आसपासका क्षेत्रबाट बच्चासँग नजिक भएर अपहरण गरी उनीहरूले लगाएको कानको मुन्द्रा लुटेर छाडिदिने गरेको प्रहरीले बताएको छ। इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक सुनिलजंग शाहका अनुसार भुजेलले गत जेठ २१ गते सिन्धुली नेत्रकाली गाविस-३ घर भई बनेपा-६ मा होटल व्यवसाय गर्दै आएका सुदर्शन मोक्तानको २३ महिनाकी छोरीलाई बिस्कुट दिएर माया गर्ने नाममा अपहरण गरी गोसाइस्थान जंगलमा पुर्‍याई उनले कानमा लगाएको मुन्द्रा फुकालेर बालिकालाई जंगलमै बेवारिसे अवस्थामा छाडेर फरार भएका थिए।

सधैं होटलमा चिया खान आउने र बच्चासँग नजिक भएर माया गर्ने गरेका भुजेलले सोही दिन दिउँसो पनि त्यसै गरेका थिए। बालिका काखमा लिएर उनलाई फकाउने, बिस्कुट दिने तथा गुलियो चकलेट दिएर फकाईफकाई आफूसँगै लैजाने योजनामा भुजेल सफल भएका थिए। जंगलमा बच्चा छाडेको देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए। सुदर्शन मोक्तानको परिवारले पनि बच्चा हराएलगत्तै प्रहरीमा जानकारी गराएका थिए। छोरीको मञ्जुरीबिना लगेको र बालबालिकालाई फकाउँदै जंगलमा लगेर बेवारिसे अवस्थामा पुर्‍याएको फेला पारेपछि मोक्तान परिवारले प्रहरीमा अपहरणको उजुरी गरेको थियो। बालिकाको कानमा २४ लालका सुनका मुन्द्रा थिए। तिनै मुन्द्राका लागि उनले बालिकाको अपहरण गरेका थिए। केही समयअघि उनै भुजेलले सिन्धुली जिल्ला नेत्रकाली गाविस ८ घर भई बनेपा बस्दै आएका ज्ञानध्वज वाईवाका ९ वर्षीय छोरा प्रकाश वाईवाको कानमा लगाएका मुन्द्रा त्यही शैलीमा चोरेका थिए।

परिवारले दिएको उजुरीका आधारमा प्रहरीले भुजेललाई पक्राउ गरी आवश्यक कारबाही गरिरहेको इलाका प्रहरी कार्यालय बनेपाका प्रहरी निरीक्षक सुनिलजंग शाहले भने।

## वर्गीकृत डिस्प्ले



बोरिङ्ग इनारको रातो पहेलो पानीलाई शुद्ध र सफा गरिन्छ।
जलपादेवी वाटर सोलुशन
फोन नं:- ९८५१०६९३९२, ९८५१०२१०३८

वर्गीकृत डिस्प्ले
आइतबार, मंगलबार, बिहीबार र शुक्रबार
रू. १००० /-
मूअकबाहेक
विस्तृत जानकारीका लागि
कामना न्युज पब्लिकेशन प्रा.लि.
भीमसेनस्थान
फोन : ४२१९९८४, ४२१९०२६
४२१९६२२, ४२१९४४५

# ६ महिनासम्म आएन दोस्रो किस्ता

मोतीराम तिमल्सिना, काभ्रे

खानीखोला गाउँपालिका वडा नम्बर ५ घर भएका बलभद्र तिमल्सिनाले पहिलो किस्ता लिएर दोस्रो किस्ताका लागि फाराम भरेको ६ महिना पुग्न लागिसक्यो। किस्ताका लागि भरिएको फारामको उत्तर अझै आएको छैन।

डीपिसीसम्म निर्माण गरेपछि दोस्रो किस्ता प्राप्त हुन्छ भन्ने मान्यताका आधारमा उनले निर्माण गरेको घरको तस्वीरसहित भरिएको फाराम पुरानो भइसक्दा समेत किस्ता उपलब्ध भएको छैन। बलभद्र प्रतिनिधि पात्र हुन्। खानिखोला गाउँपालिकाका अधिकांश वडाका भूकम्पपीडितले प्राप्त गर्नुपर्ने रकम प्राप्त गरेका छैनन्। केहीले पहिलो किस्तापछि घरको जगसमेत राखेका छैनन्। जसले आवश्यकताका आधारमा घर निर्माण गरे उनीहरूले तेस्रो किस्ता प्राप्त गर्नुपर्ने अवस्थामा समेत प्राप्त गरेका छैनन्। घर निर्माण सकिएको अवस्थामा समेत दोस्रो किस्ता प्राप्त भएको छैन। तेस्रो किस्ता प्राप्त गर्नेको संख्या न्यून छ। केही पीडितले लाभग्राहीको सूचीमा नाम निस्किए पनि किस्ता पाउन सकेका छैनन्। लाभग्राहीको सूचीमा छुटेका वास्तविक पीडितको अझै गुनासो सुनुवाइ भएको छैन। पछिल्लो समय सार्वजनिक गरिएको गुनासो फछ्र्यौटमा पनि खानीखोलाका गुनासो पीडितको नामावली समावेश गरिएको छैन।

खानीखोला गाउँपालिका वडा नम्वर १ का अध्यक्ष ज्ञानबहादुर लामाले ८० घर धुरीले दोस्रो किस्ताका लागि दिएको निवेदनको सुनुवाइ नभएको बताए। वडा नम्बर ४ का अध्यक्ष वीरबहादुर वाईवाले वडा नम्बर ४ का १ सय १३ घरधुरीको दोस्रो किस्ताबापतको रकम नआएको बताए। केहीको १ कोठे घर निर्माण गरिएको छ। शुरूमा १ कोठे घरलाई समेत अनुदान दिने भनिएका आधारमा निर्माण भएका घरले रकम नपाउने भएपछि त्यही घरमा जोडेर दोहोरो खर्चमा अर्को १ कोठा थपिरहेका छन्। प्राधिकरणको दोहोरो नीति तथा पटक-पटकको फरक-फरक निर्णयले भूकम्पपीडितले दु:ख बेहोर्नुपरेको वडा अध्यक्ष वाईवाले बताए।

वडा नम्बर ५ का अध्यक्ष दुर्गा तिमल्सिनाले गत साउनमा सकिएको घरको अझै किस्ता पाउन नसकिएको बताए। ११ महिनासम्म निर्माण सम्पन्न भएको घरको किस्ता प्राप्त नहुँदा पटक-पटक सदरमुकाममा रहेको कार्यालयमा जानकारी गराउँदा आउँदैछ-आउँदैछबाहेक अरू जवाफ नआएको वडाअध्यक्ष तिमल्सिनाले बताए। वडा नम्बर ६ का अध्यक्ष मानबहादुर गोलेले भूकम्पपीडितको समस्या समाधानमा प्राधिकरणले लापरबाही गरेको अरोप लगाए। गुनासोको व्यवस्थापन, किस्ता प्राप्त गर्ने व्यक्तिलाई भुक्तानी नहुँदा पीडित झनै पीडित भएको उनले बताए। वडाअध्यक्ष वीरबहादुर लामाले घर निर्माण सम्पन्न भएको लामो समयसम्म किस्ता प्राप्त नभएकाले पीडितले दु:ख पाइरहेको बताए। जनप्रतिनिधि निर्वाचित भएको १ वर्ष नाघिसक्दा समेत ४ सयभन्दा धेरै भूकम्पपीडितको गुनासो सम्बोधन नभएकामा लाचारजस्तो भएको अध्यक्ष कृष्ण खुलालले बताए।

## वर्गीकृत विज्ञापन

**डिप्रेशन र माईग्रेनको सफल उपचार !!!**

- टाउको दुख्ने, चस्कने-घोच्ने, झुम्म हुने, रिङटा लाग्ने, कान कराउने डम्म हुने
- निन्द्रा नलाग्ने, झस्कने, निन्द्रामा बरबराउने, सपना नराम्रो देख्ने,
- डरलाग्ने, मुट हल्लने, आत्मबलको कमी, नर्भस हुने
- हातगोडा गल्ने, कमजोर महसुस हुने, हिनताबोध हुने
- डाह, छटपटि हुने, के गरौं कसो गरौं हुने, मर्न मनलाग्ने
- नकरात्मक सोच आउने, टोलाउने, हुलमा जान नसक्ने
- झर्को लाग्ने, चाँडै रिस उठ्ने, चाँडै बिर्सने
- धेरै आलस्य लाग्ने, रमाइलो गर्ने मन नलाग्ने, धेरै सुत्ने
- श्वास रोकिएला जस्तो हुने, गाह्रो हुने, केही भैहाल्ने होकी भनेर आत्तिने।
- हातखुट्टा पोल्ने, झमझम्याउने, निदाउने
- ग्यास्ट्रिक र स्टुलमा म्युकस देखिने समस्या
- पढ्नमा कन्सनट्रेशन नहुने र मेमोरी पावरको कमी पूर्ति गरिने
- पिसाब चाँडे चाँडो लाग्ने, मुख वा शरिर हप्प ताल्ने, घाँटीमा अप्ठ्यारो भइरहने, हात वा शरिर काम्ने हुने
- औषधि खाँदा पनि निको नभएको प्रेशर समस्या ठिक पारिने
- औषधी खाँदा वा इन्सुलिन लिंदासमेत ठिक नभएको सुगर रोगी ठिक हुने
- आँखा पोल्ने, बिझाउने, सुख्खा हुने
- ढाड दुख्ने, नसा च्यापिएको, छाती मुटु दुख्ने, पेट दुख्ने, पोल्ने, डम हुने, खाएको नपच्ने निको हुने।

नोट : **कहीँबाट नभएकाहरूलाई पनि निको पारिने।**

**उपचारमा नयाँ आविस्कार सम्बन्धी NTV+ बाट प्रत्येक सोमबार प्रसारण हुने कार्यक्रम बिहान ८:०० देखि ८:३० सम्म र प्रत्येक मंगलबार दिउँसो २:०० देखि २:३० बजेसम्म आउने कुरा सबैमा अवगत गराइन्छ।**

**युनिक मेडिटेशन सेन्टर**
नारायणी पेट्रोल पम्प
रिङरोड, बाफल
४२७९५९५, ९८४९२२८०५९, ९८१३१२५५५८

**मर्मत**

अमूल्य समय, अनावश्यक खर्च र झन्झटबाट छुट्कारा पाउन पन्चरसिल पन्चरप्रुफ प्रयोग गर्नुहोस् साथै लोडसेडिङको विकल्पको लागि ९५० VA देखि ६.५ KVA सम्मको I र III फेज जेनेरेटरहरु धमाधम बिक्री भइरहेको छ। डिलर चाहनेले र BULKमा लट नै उठाउँन चाहनेले पनि सम्पर्क राख्नुहोला।

**उपलब्धी सुविधाहरू**
(१) मोटरसाइकल खरिद बिक्री।
(२) जेनेरेटर मर्मत होम सर्भिस।
(३) नयाँ जेनेरेटर बिक्री।
(४) इन्जिन मर्मत १०,००० किमि ग्यारेन्टी।
(५) डेन्टपेन्ट र रंगरोगन

**चाहियो**

**मोटरसाइकल मिस्त्री र हेल्पर चाहियो।**
खान बस्नको सुविधासहित।
If you are satisfied,
tell others
If not tell us.
**राजु मो-बाइक कन्सर्न**
न्यूप्लाजा, पुतलीसडक,
काठमाडौं
फोन नं. ४४३१२८६, ५०१०५५०

**बाथ तथा दमको अचुक उपचार**

हिमाली जडीबुटीहरूको ११ वर्षको लगातार अनुसन्धानपश्चात् साध्य तथा असाध्य रोगमा अपूर्व सफलता।
बाथ एवं नसारोग : स्यालको बोसो, चौंरीको घियू, मूला बीउ, रायो बीउको तेलमा ५१ जडीबुटीलाई सिद्ध गरिएको मालिस तेल र ८१ जडीबुटीबाट निर्मित खाने औषधीबाट बाथमा सफलता।
दम : रूद्राक्षको जराको सत्व, कागतीको जराको सत्व, कण्टकारीको जराको सत्व, दशौं वर्ष पुरानो सख्खर (गुड) का साथमा १३ जडीबुटीलाई सिद्ध गरिएको औषधीबाट दममा सफलता।
मधुमेह : मधुमेह धातु (वीर्य क्षीण हुने) रोग पनि भएकाले वीर्य पुष्टिका लागि-गुर्जोको सत्व, कृष्णब्राम्ही, विमिरोको जराको सत्व, ओखरको तेल, बाँसको जराको सत्व, नीर बाबरीको दानालगायत ११ जडीबुटीबाट वीर्य पुष्टि एवं मधुमेहमा सफलता साथै ग्यास्ट्रिक, अल्सर, पुरानो आउँ, अल्काई, पिनास, पुरानो खोकी, प्यारालाईसिस, साइटिका, कम्मर-घुँडा दुख्ने, नसा च्यापिएको, हड्डी खिइएको, महिनावारीमा तल्लो पेट दुख्ने, श्वेतप्रदर, शीघ्रपतन, यौन अक्षमता, गानोगोला जस्ता सबै खाले पुराना रोगको सफल उपचार गरिन्छ।

**विशाल आयुर्वेद तथा ध्यान-दर्शन योगाभ्यास प्रशिक्षण आश्रम**
**महाराजगन्ज चक्रपथ, नारायणगोपाल चोक परमेश्वर मार्ग, आस्था कला केन्द्रसँगै (अमेरिकन एम्बेसीको अपोजिट साइडबाट ५-७ घर माथि आएपछि परमेश्वर मार्गमा छिर्ने)**
**फोन** : ४७२००४६
**मोबाइल** : ९८५१०७३५००

नेपाल समाचारपत्र NEPAL SAMACHARPATRA को वर्गीकृत विज्ञापन तथा ग्राहक संकलन काउन्टरहरू

**काठमाडौं**
गोर्खा न्यूज एण्ड स्टेशनरी सोह्रखुट्टे, नयाँबजार, फोन : ४३५५७६०, ९८४१८८७७१६, फ्याक्स नं. : ४३८५३९९ ● स्मार्ट इन्भेष्टमेन्ट प्रोमोशन नेपाल, जोरपाटी, फोन नं. : ०१४९१३०१०, ९७४१०१७२५३ ● एस.एस. स्टेसनरी, बालाजु, ४३८०२३०, ४३८७२७५ ● बी.एन्ड.बी. स्टेशनरी एन्ड कम्युनिकेसन सेन्टर महाराजगन्ज फोनः ३७०७०५, फ्याक्सः ३७२७९९ ● जय बागेश्वरी कम्युनिकेसन जयबागेश्वरी, फोन : ४४६७०३४, २०१३९११, ४४६६६११, ४४७६८१७ ● योञ्जन कम्युनिकेसन विशालनगर ४-४१६५६१, ४-४३५१८७ ● वीडलिक मिडिया प्रा.लि. पुरानो बानेश्वर चोक, ४४९२३०९/२०१४९३२, ९८४३१०५७३८ ● किपु बुक प्वाइन्ट कीर्तिपुर ३३१७७५ ● कार्य विनायक बुक एन्ड स्टेसनरी ४२६७३२४ वसन्तपुर ● मनकामना कम्युनिकेसन चावहिल ४४६७८४७, फ्याक्स : ४४८६८१९ ● डी.के. बुक, भोटाहिटी २५२३२० ● माउण्टेन एयर एक्सपोर्ट एण्ड ट्रेडर्स जावलाखेल, बागडोल फोन : ५५५४७५५, ५५४३७१९ ● होराइजन कम्युनिकेसन गोंगबु नयाँ बसपार्क, फोनः ३५३९४१, फ्याक्सः ३५३९९६ ● ध्रुवको पसल डिल्लीबजार, फोनः ४३९२०१ ● पञ्चावती बुक्स एण्ड स्टेसनरी चावहिल चोक, फोनः ४८६५१३, ४-४८१४३६ ● पिपल्स बुक्स, पकनाजोल, २१८०४४, ४-२१२३८५ ● सार्वजनिक टेलिफोन, पब्लिक कन्ट्र्याक्ट प्वाइन्ट कालीमाटी चोक, फोन नं. : ४-६७४८०१ ● मनकामना गिफ्ट ग्यालरी वनस्थली ४३६४९२४ ● काष्ठमण्डप डिस्ट्रिब्युसन प्रा.लि. टेकु, काठमाडौं, फोन : २०१०८२१, ०१६२२०७८५, मो. ९८५१०७२००४ ● साइ म्युजिक एन्ड मुभिज नयाँ बानेश्वर, फोन : ४४६१३५५, ४४९३५१२ ● बाबा सपिङ प्वाइन्ट महाराजगन्ज फोनः ४-४२६५४५ ● न्यू पी.पी. बुक्स एन्ड ट्रेडर्स कलंकी चोक फोनः २८२४५१, २८०६७३, फ्याक्सः २८१८०२ ● कान्तिपुर फोटोकपी एण्ड स्टेसनरी सप्लाईर्स स्वयम्भु किमडोल, राईजी फोनः २८१०४५, मोबाइल : ९८१०-७०४३५ ● कम्युनिकेशन प्लस, क्षेत्रपाटी ढल्को फोन : २०२१९४८, ४-२६६७५१ सनम स्टेसनरी एण्ड जनरल सप्लाईर्स, सोह्रखुट्टे फोनः ३५८६४१ ● स्टुडेन्ट बुक्स एण्ड स्टेसनर्स जोरपाटी चोक (मिनिबस स्टप) फोनः ४७६६२८ ● विद्या बुक्स एन्ड स्टेसनरी लेखनाथमार्ग, ठमेल, फोन : ४४१३९५४ ● मिडिया एन्ड कम्युनिकेसन नेटवर्क पेप्सीकोला, फोन : ६६३७९१९, ४२४६९३५, ९८५११०६५७५ ● सन्ध्या बुक्स सेन्टर ४३१२५३१ (स्पेन्ट्र) थानकोट, इमाखेल (बसपार्क) नवीन बुक्स एन्ड स्टेशनरी, अनामनगर ●गौशाला बुक्स एन्ड स्टेशनरी, गौशाला, फोनः ४-४८३६१४ ● एमएस सेढाइ स्टेसनरी एन्ड बुक्स सेन्टर बसुन्धरा-९, काठमाडौं, ४३५६४७५ ● SEVEN EDUCATIONAL CONSULTANCY (P) Ltd . Putalisadak, Kathmandu, Phone : 4238020, 4-424615, P .O . Box : 24829 l Nepaltar Cyber &Communation Nepaltar, Kathmandu, Contact No : 01-4384875, 9841-419658 ● शिक्षा बुक्स एन्ड स्टेसनर्स सामाखुसी, काठमाडौं, ४३६५७७६, मोबाइल : ९८४१-४८३०९६ (नवराज अधिकारी) ● क्वीक कम्यूनिकेशन प्रा.लि., बालाजु, फोन नं. : ४-३८३४५२, फ्याक्स : ४-३८५४२६ स्वयम्भु कम्युनिकेशन, डल्लु, आवास, दयामान वज्राचार्य ९८४१२१९१७३ फोन : ४२७४६३३, ४२८९२६०

**ललितपुर**
हाम्रो टेलिफोन सेवा (ग्वार्को) ५५५०१२४, ५५२४०९८, ५५५५०९८, ९७४१०५१८६० ● ज्ञान स्टेनसरी, पाटनढोका, फोनः ५४५५९२ ● ललित म्यागजिन एन्ड स्टेसनरी लगनखेल, ललितपुर, ५५५३९३१, ५५५३४३४० ● श्रेष्ठ स्टेसनरी सेन्टर ठैव, ललितपुर, फोन : ९८४१५१६९५७ ● लालित्य प्रिन्टर्स लगनखेल, फोन : ५५४३५८२ ● दिगो स्टेसनरी लगनखेल, फोनः ५४२२१२, प्रधान कमिनिकेशन ललितपुर, फोनः ९८४१७६९५९२ ● निशा बुक्स एण्ड स्टेशनरी, लगनखेल, ५५३१९५७, ९८४१६२७४८९

**भक्तपुर**
सुन्दर पुस्तक, ठिमी, ६३१४७३, ● मलः स्टेसनरी गठाघर, फोनः ६३०७५७ ● बेबिस आर्ट इटाछेँ : ६१२७२४

२०७५ असार
शुक्रबार
८

केन्द्रले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह गर्ने समेत काम गर्ने जनाइएको छ।

# नेपाल

### तिलोत्तमाको वार्षिक नीति तथा कार्यक्रम

# शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासमा प्राथमिकता

**यमलाल भुसाल, बुटवल**

रुन्देहीको तिलोत्तमा नगरपालिकाले आगामी आर्थिक वर्षमा शिक्षा, स्वास्थ्य, कृषि र पूर्वाधार विकासलाई प्राथमिकतामा राख्दै वार्षिक नीति तथा कार्यक्रम सार्वजनिक गरेको छ। बुधबारबाट शुरू भएको तेस्रो नगरसभामा नीति तथा कार्यक्रम प्रस्तुत गर्दै नगरप्रमुख वासुदेव घिमिरेले 'सामुदायिक विद्यालयको शैक्षिक र भौतिक सुधार : बालबालिका विद्यालय प्रवेशको पहिलो आधार' भन्ने नाराका साथ समग्र शिक्षा प्रणालीको सुधारका लागि स्पष्ट दृष्टिकोण, प्रतिबद्धता र लगनशीलता साथ अगाडि बढिने जानकारी गराउनुभयो।

सामुदायिक विद्यालयमा दिवा खाजा कार्यक्रम शुरू गरिसकेको तिलोत्तमाले सामुदायिक विद्यालयप्रतिको आकर्षण बढाउन शैक्षिक र भौतिक पक्षको सुधारका साथै विद्यार्थीको आवत-जावतका लागि सवारीसाधन सञ्चालनमा सहयोग उपलब्ध गराउनेसम्मका कार्यक्रम अघि सारेको छ। आगामी ३ वर्षभित्र सामुदायिक र संस्थागत विद्यालयबीचको दूरी समान गर्ने, 'फल्स सिलिङ' राखेर विद्यार्थीलाई टिनको प्रत्यक्ष छानामुनी बस्नुपर्ने बाध्यताको अन्त्य गरिने पनि तिलोत्तमाको नीति तथा कार्यक्रममा उल्लेख छ। 'स्वस्थ नगरबासी : स्वस्थ नगर' भन्ने नाराका साथ गुणस्तरीय स्वास्थ्य सेवामा सबै नागरिकको समतामूलक पहुँच सुनिश्चित गर्ने कार्यमा नगरपालिका क्रियाशील रहने उल्लेख गर्दै नगरप्रमुख घिमिरेले निकट भविष्यमा कार्यान्वयन हुने स्वास्थ्य बीमा कार्यक्रमअन्तर्गत वडा नं १७ का नागरिकलाई स्वास्थ्य बीमामा लाग्ने रकमको ३० प्रतिशत रकम अनुदान दिने गरी बजेट व्यवस्था मिलाइने जानकारी गराउनुभयो।

यस्तै नीति तथा कार्यक्रममा वडा नं ७ मा रहेको सेमरा बजार स्वास्थ्य चौकीलाई स्तरोउन्नति गरी २५ शैय्याको अस्पतालको रूपमा विकास गरिने, वडा नं १७ मा रहेको 'बीपी ग्राम' लाई आवश्यक भौतिक पूर्वाधारसहित स्वास्थ्य केन्द्रको रूपमा सञ्चालनमा ल्याइने जनाइएको छ।

'एक घर, एक करेसाबारी : पकेट क्षेत्रमा व्यावसायिक तरकारी' भन्ने नाराका साथ वडा नं. १४ लाई 'तरकारी पकेट क्षेत्र' र अन्य वडामा 'एक घर : एक करेसाबारी' को नीति अवलम्बन गर्दै आगामी १ वर्षभित्र तरकारीमा आत्मनिर्भर हुने नगरपालिकाको लक्ष्य छ। कृषि तथा पशुपालनमा अनुदानका विभिन्न कार्यक्रम अघि सार्दै नगरपालिकाले 'व्यवसायिकरूपमा काम गर्ने किसानलाई नगरपालिकाको सम्मान : सबै किसानलाई उत्पादनमा आधारित अनुदान' नीति अवलम्बन गरिने जनाएको छ।

पशु बीमा अनुदान र बाली तथा पशु संरक्षण कोषलाई थप व्यवस्थित गरिने जनाउँदै नगरप्रमुख घिमिरेले सहकारी खेती प्रणाली, सहकारी संघ संस्थासँगको सहकार्यमा थ्रीपी मोडलमा उत्पादनमूलक उद्योग व्यवसाय सञ्चालन, भैलुभुजलगायत सिँचाइ प्रणाली र बोरिङलाई पूर्वअवस्थामा सञ्चालनमा ल्याउन प्रोत्साहन गर्दै सिँचाइमा लाग्ने विद्युत् महसुलमा १० प्रतिशत अनुदान दिने व्यवस्था मिलाउने नीति नगरपालिकाले लिएको उल्लेख गर्नुभयो।

कम्तीमा ५० जना नेपाली नागरिकलाई रोजगारी दिने उत्पादनमूलक उद्योगको नाममा रहेको जमिनमा लाग्ने एकीकृत सम्पत्ति करमा १५ प्रतिशत छुट दिने नीति नगरपालिकाले अवलम्बन गरेको छ। वडा नं. २ र १५ वडा कार्यालयलाई 'तालिम केन्द' को रूपमा विकास गर्दै आगामी आर्थिक वर्षमा सीपयुक्त र स्वरोजगारमूलक बनाउने गरी न्यूनतम ५ सय जना युवा/युवतीलाई तालिम प्रदान गरिने, वडा नं. १० मा 'तिलोत्तमा उद्योग ग्राम' स्थापनाका लागि आवश्यक प्रक्रिया अगाडि बढाइने नगरपालिकाको नीति छ।

सिद्धार्थ राजमार्गअन्तर्गत जोगिकुटी र कोटिहवामा बुद्धमूर्तिसहितको आकर्षक 'प्रवेशद्वार' निर्माण गर्ने, खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउन कार्यविधि बनाएर जस्तापातामा लाग्ने रकमको ३० प्रतिशत अनुदान दिइने नीति तिलोत्तमा नगरपालिकाको छ। भूमिहीन, अव्यवस्थित बसोबासी र सुकुम्बासीलाई सुरक्षित बसोबासको लागि सामूहिक आवास निर्माणको सम्भाव्यता अध्ययन गरिने जनाउँदै नगरपालिकाले नीति तथा कार्यक्रममार्फत आगामी आर्थिक वर्षमा नयाँ पक्की सडकको तुलनामा पुराना जीर्ण सडकको मर्मत सुधारलाई विशेष महत्त्व दिइने जनाएको छ। वडा नं. ११ को वडा भवनलाई जलाशयको बीचमा निर्माण गरी नमुना वडा कार्यालयका रूपमा स्थापित गरिने, 'तिलोत्तमा सञ्चार ग्राम' स्थापनाको लागि आवश्यक गृहकार्य गरिने, दमकल खरिद गरिने पनि नीति तथा कार्यक्रममा समेटिएको छ।

स्वयंसेवक परिचालन रणनीति तय गरिने, बढीमा २ छोरीमात्र जन्माई बन्ध्याकरण गर्ने दम्पत्तिलाई पुरस्कार तथा सम्मान गरिने, एकल महिलाको नाममा सञ्चालित व्यवसाय र एकीकृत सम्पत्ति करमा १५ प्रतिशत छुट उपलब्ध गराइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ। नगरको पुनर्नापीको कार्यक्रमलाई म्याचिङ फन्डको रूपमा रकम विनियोजन गरी पुनर्नापी कार्यक्रम सञ्चालन गरिने, 'एक घर : एक बैंक/सहकारी खाता, एक महिला : एक बैंक/सहकारी खाता अभियान' सञ्चालन गरी सरकारको आर्थिक/सामाजिक सहयोग सबै परिवारमा सीधै पुग्ने वातावरण मिलाइने पनि नीति तथा कार्यक्रममा उल्लेख छ।

साउन १ गतेदेखि 'एकीकृत सम्पत्ति कर' लागू गरी संकलित राजस्वको २५ प्रतिशत रकम सम्बन्धित वडाको विकासका लागि नै व्यवस्थापन गरिने, सबैभन्दा धेरै कर दाखिला गर्ने करदातालाई 'उत्कृष्ट करदाता'को रूपमा पुरस्कृत गरिने पनि नीति तथा कार्यक्रममा समेटिएको छ।

## प्रदेश १ को बजेट मन्त्रीका जिल्लामा केन्द्रित

विराटनगर (नेस)

१ नम्बर प्रदेशका प्रमुख प्रतिपक्षी दलका सांसदहरूले बजेट विनियोजनमा विभेद भएको भन्दै असन्तुष्टि व्यक्त गरेका छन्। प्रदेशसभाको बुधबार बसेको बैठकमा पेस भएको विनियोजन विधेयकमाथि छलफलमा भाग लिँदै उनीहरूले यस्तो असन्तुष्टि व्यक्त गरेका हुन्।

सांसदहरूले मन्त्रीले आफ्नो जिल्लामा बजेट केन्द्रित गरेको र कांग्रेस निकटका सांसदले पेस गरेको योजना कटाइएको आरोप लगाए। साथै उनीहरूले प्रदेशले आफ्नो संरचना नबनाएसम्म बजेट कार्यान्वयनमा समस्या हुनेतर्फ सरकारको ध्यानाकर्षण पनि गराएका छन्।

संसद्मा बोल्दै कांग्रेसका सांसद सूयर्माराज राईले स्थानीय तहमार्फत बजेट कार्यान्वयनमा समस्या हुने बताउनुभयो। यस्तै कांग्रेसकै सांसद हिमाल कार्कीले कनिका छरेजस्तो गरी बजेट ल्याएको र कुनै ठोस योजना नभएको आरोप लगाउनुभयो। उहाँले बजेटले झापा, मोरङ, सुनसरी, भोजपूर र पाँचथरमा केन्द्रित गरिँदा अन्य जिल्लालाई विभेद भएको पनि बताउनुभयो।

यस्तै सांसद लीला सुब्बाले आफूले दिएका योजना रातो किताबमा नपारिएको भन्दै असुन्तुष्टि व्यक्त गर्नुभयो। रातो किताबमा भएका कतिपय योजना सानातिना पनि समावेश गरिएको र पार्नुपर्ने कतिपय योजना नपारिएकाले आवश्यक संशोधन गर्नुपर्ने उहाँको भनाइ थियो। प्रदेशसभामा बोल्दै सत्ता पक्षका सांसदले पनि बजेट कार्यान्वयनमा चुनौती हुने बताएका छन्। सत्तापक्षका सांसदहरू कुलप्रसाद साम्बा, विजय विश्वास, शौभाग्यवती राई, उमिता विश्वकर्मालगायतले विनियोजन विधेयकको समर्थन गरेका थिए। अन्य सांसद जयराम यादव, प्रतापप्रसाद हाङ्बाङ, शिवनारायण गनगाईलगायतले भने कनिका छरेजस्तो सानोतिनो कार्यक्रममा बजेट हालिएको भन्दै विरोध गरेका थिए।

## एचआईभीको संक्रमण दर घट्यो

डोटी, (नेस)

प्रदेश ७ का जिल्लामा एचआईभीको संक्रमण घट्दै गएको तथ्य फेला परेको छ। राष्ट्रिय एचआईभी/एड्स तथा यौनरोग नियन्त्रण केन्द्र टेकुको सहयोगमा नेसनल इन्स्टीच्युट फर डेभलपमेन्ट एन्ड रिचर्स प्रालि नामक संस्थाले प्रदेश ७ का विभिन्न ४ जिल्लामा गरेको एकिकृत जैविक तथा व्यवहारिक सर्वेक्षणका क्रममा उक्त तथ्य फेला परेको हो। प्रदेश ७ का कैलाली, कञ्चनपुर, डोटी र अछाम जिल्लामा उक्त सर्वेक्षण गरिएको हो। नेसनल इन्स्टीच्युट फर डेभलपमेन्ट एन्ड रिचर्स प्रालिका अध्यक्ष तर्कराज भट्टका अनुसार कामको सिलसिलामा भारत जाने व्यक्तिका श्रीमतीमा सर्वेक्षण गरिएको हो।

सर्वेक्षणमा सहभागी कामदारका श्रीमतीमा एचआईभी र यौन रोग भएको नभएको जाँच गरिनुका साथै एचआईभी / एड्स र यौनरोगका सम्बन्धमा ज्ञान चेतना कस्तो छ भनेर अध्यायन गरिएको थियो। अध्यक्ष भट्टले भन्नुभयो- 'यस क्षेत्रमा अत्यधिक एचआईभी/एड्स छ भनेर हल्ला गरिए पनि पछिल्लो अवधिमा घट्दै गएको देखिएको छ। सर्वेक्षणका क्रममा एचआईभीको जाँच गरिनुका साथै यौन व्यवहार एचआईभी संक्रमणको अवस्थाका बारेमा समेत विस्तृतरूपमा अध्ययन गरिएको छ।' यस क्षेत्रका विभिन्न ४ जिल्लामध्ये डोटीमा ८०, कैलालीमा १ सय २०, कञ्चनपुरमा १ सय ४० र अछाम ६० जना गरी जम्मा ४ सय जना कामका लागि भारत जाने कामदारका १६ वर्षभन्दा माथिका श्रीमतीलाई सर्वेक्षणमा सहभागी गराइएको थियो।

अध्ययनका क्रममा जाँच गरिएका महिलामध्ये कसैमा पनि एचआईभीको संक्रमण फेला नपरेको बताइएको छ। यौन रोग भने अधिकांशमा देखा परेको थियो। अध्ययनका क्रममा यौन व्यवहार, कन्डमको प्रयोग, नियमित एचआईभी जाँचलगायतका अवस्थाको अध्ययन भएको हो। जिल्ला स्वास्थ्य कार्यालय डोटीका निमित्तप्रमुख भूषण मिश्रका अनुसार जिल्लामा लामो समयदेखि एआरभी औषधी सेवन गरिरहेका एचआईभीको संक्रमितको संख्या ठूलो भए पनि नयाँ एआईभी संक्रमित पत्ता लाग्ने क्रम भने अघिल्ला वर्षको तुलनामा न्यून छ। निमित्त प्रमुख मिश्रले भन्नुभयो- 'सरकारी तथा गैरसकारी क्षेत्रबाट सञ्चालन भएका जनचेतनामूलक क्रियाकलापका कारण पनि नयाँ संक्रमण दर कम भएको हो।'


**हार्दिक श्रद्धाञ्जली**



जन्म : वि.सं.२००४/०८/०५
**स्व.गंगा देवी मल्ल**
स्वर्गारोहण : वि.सं.२०७५/०२/२७

यस श्री ३ भद्रकाली गुठिका सदस्य **गंगा देवी मल्ल**को असामयिक स्वर्गारोहण भएको आज १३औं दिनको पुण्य तिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक भावपूर्ण श्रद्धाञ्जली अपर्ण गर्दछौं ।
साथै शोक सन्तप्त परिवारजन प्रति भावपूर्ण समवेदना प्रकट गर्दछौं ।

**बलराम श्रेष्ठ**
**अध्यक्ष**
**श्री ३ भद्रकाली गुठि परिवार**



**फ्ल्योर हिमालयन लिमिटेडको**

**१८औ, १९औ, २०औ, २१औ तथा २२औ बार्षिक साधारण सभाको सूचना सम्बन्धी भूल सुधार**

**श्री शेयरधनी महानुभावहरु,**
**यस कम्पनीको अठारौं (आ.व. ०६९/०७०), उन्नाइसौं (आ.व. ०७०/०७१), बीसौं (आ.व. ०७१/०७२), एक्काइसौं (आ.व. ०७२/०७३) र बाइसौं (आ.व. ०७३/०७४) बार्षिक साधारण सभाको प्रथम सूचना मिति २०७५।०३।०३ मा नेपाल समाचारपत्र दैनिक पत्रिकामा प्रकाशन भएको र उक्त सूचनामा भूल भएको हुँदा यस सूचना मार्फत निम्न लिखित भूल सुधार गरिएको विनम्र अनुरोध गर्दछौं ।**
**छलफलका विषयहरु**
**(क) सामान्य प्रस्ताव**
**साविकको प्रस्ताव नं. ६ मा "६. सञ्चालक समितिका सञ्चालकहरुको बैठक भत्ता निर्धारण गर्ने सम्बन्धमा ।" हुनु पर्नेमा अन्यथा भएकोले सच्याएको छ ।**
**"७. विविध" भनि थप गरिएको छ ।**


## आमा र नवजात शिशुको मृत्यु

**हिक्मत नेपाली, दैलेख**

जिल्लाको पश्चिममा पर्ने आठबीस नगरपालिकको पीपलकोटमा बच्चा जन्माउन नसकेका कारण आमा र नवजात शिशुको मृत्यु भएको छ। सुत्केरी व्यथाले च्यापेपछि स्वास्थ्य चौकी लैजाँदै गर्दा सुँगुरखाल भन्ने ठाउँमा पुगेको बेला मृत्यु भएको स्वास्थ्यकर्मीले बताएका छन्।

मृत्यु हुनेमा आठबीस नगरपालिका वडा नं. ५ पीपलकोट तोलीचाखाकी १५ वर्षीया कृष्णा कसेरा र उनको नवजात छोरा रहेको पीपलकोट स्वास्थ्य चौकीका प्रमुख अहेव रामवीर यादवले बताएका छन्। 'स्वास्थ्य चौकी नपुग्दै मृत्यु भएको भन्ने जानकारी पाएपछि अवस्था जान्न त्यहाँ पुग्दा आमा र नवजात शिशुको मृत्यु भइसकेको थियो' -पीपलकोट स्थास्थ्य चौकीकी अनमी दुर्गाकुमारी शर्माले भनिन्।

'नियमित स्वास्थ्य चेकअपमा आउँदा आमाको उचाइ र तौल एकदमै कम भएका कारण जोखिम हुने भएकाले सुर्खेत लैजान भनेकै थियौं, तर व्यथा लागिसकेपछि पनि घरमै सुत्केरी गराउन प्रयत्न गरेको र धेरै ढिला मात्र स्वास्थ्य चौकी ल्याउन लाग्दा मृत्यु भएको रहेछ' -अनमी शर्माले भनिन्। आमा र शिशुको मृत्यु हुनुमा पहिलो कारण बालविवाह र दोस्रो परिवार नियोजनका साधन प्रयोग गर्न समेत बेवास्ता गरेकाले सानै उमेरमा गर्भवती भएकै कारण कृष्णाको मृत्यु भएको स्थानीय सामाजिक कार्यकर्ता डिलसरा पुलामीको भनाइ छ। कृष्णाका १७ वर्षीय श्रीमान् प्रकाश कसेरा भारतमा मजदूरी गर्दै आएका छन्।

पीपलकोट तोलीचाखामै माइती भएकी कृष्णा र प्रकाश कसेराबीच डेढ वर्षअघि भागी विवाहलाई समुदायले रोक्न खोज्दा परिवारजनले सहमति जनाएका थिए। दलित र जनजातिको बाहुल्यता रहेको दैलेखको विकट गाउँ पीपलकोट बालविवाह समस्या भएको गाउँ हो।


**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल नागरिक उड्डयन कार्यालय**
**सिभिल ईन्जिनियरिङ महाशाखा, गौचर, काठमाडौं**

**बोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

(प्रकाशित मिति २०७५।०३।०८)

यस महाशाखाबाट मिति २०७५।०१।३१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Notice for the Invitation for Bids सम्बन्धी सूचना अनुसार देहायको कार्यको लागि पेश हुन आएका बोलपत्रहरुमध्ये तल उल्लेखित बोलपत्र स्वीकृतिको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ को प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्ने आशयको सूचना सम्बन्धित सबैको जानकारीको लागी प्रकाशित गरिएको छ ।

| सि.नं | ठेक्का नं. | कार्यको बिवरण | छनौट भएको बोलपत्रदाता | स्वीकृत रकम |
|---|---|---|---|---|
| १ | TIACAO/ CED/18/074-75 | Cleaning & Maintaining of Landside at TIA | श्री श्रेष्ठ सरसफाई सेवा/आर.एस.डि. सप्लायर्स सर्भिसेज प्रा.लि. जे.भी., मिनभवन, काठमाडौं | रु.३८,७२,०७१।५० (मू.अ.कर बाहेक) |



सारा नेपाली मिलेर अन्याय, अत्याचारको विरुद्धमा लड्नु पर्छ र यस्ता अन्याय, अत्याचारबाट मुक्त हुनु पर्छ भन्ने आजको मागलाई हामी सबैले बुझ्नु पर्दछ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना विभाग


## खोटेहाङमा आप्रवासी हकहित संरक्षण केन्द्र

खोटाङ, (नेस)

वैदेशिक रोजगारीमा गएका व्यक्ति तथा तिनका परिवारको हकहितमा काम गर्ने उद्देश्यले खोटाङको खोटेहाङ गाउँपालिकामा आप्रवासी हकहित संरक्षण केन्द्र गठन गरिएको छ। वैदेशिक रोजगारीमा गई फर्किएर अब नजाने प्रण गरेका व्यक्ति समावेश हुने संरक्षण केन्द्रको पालिकास्तरीय अध्यक्षमा ईन्द्रकुमार राई(नारथुङ्गे) लाई चयन गरिएको छ। गाउँपालिकामा भएको विशेष भेलाबाट गठन गरिएको ९ सदस्यीय केन्द्रले वैदेशिक रोजगारलाई सुरक्षित, मर्यादित र उपलब्धिमूलक बनाउन सुरक्षित वैदेशिक रोजगारसम्बन्धी सूचना प्रवाह गर्ने समेत काम गर्ने जनाइएको छ।

केन्द्रले स्थानीय निकायसँग समन्वय गरेर सुरक्षित वैदेशिक रोजगारसम्बन्धी कार्यक्रम सञ्चालन गर्ने, वैदेशिक रोजगारसम्बन्धी समस्या सम्बन्धित निकायसम्म पुऱ्याउने कार्य संरक्षण केन्द्रले गर्ने जनाइएको छ। वैदेशिक रोजगारसम्बन्धी कानुनी पैरवी गर्ने, वैदेशिक रोजगारसम्बन्धी योजना छनोटमा सहजीकरण गरी कार्यक्रम गर्नेलगायतका काम गर्नका निम्ति आप्रवासी हकहित संरक्षण केन्द्र गठन गरिएको हो।


**नेपाल नागरिक उड्डयन प्राधिकरण**
**त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल नागरिक उड्डयन कार्यालय**
**सिभिल ईन्जिनियरिङ महाशाखा, गौचर, काठमाडौं**

**आर्थिक प्रस्ताव खोल्ने सम्वन्धी सूचना**

(प्रकाशित मिति २०७५।०३।०८)

यस महाशाखाबाट मिति २०७५।०१।३१ को नेपाल समाचारपत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित Notice for the Invitation for Bids सम्बन्धी सूचना अनुसार निम्नानुसारको ठेक्का कार्यको लागी e-bidding मार्फत तोकिएको म्याद भित्र दर्ता हुन आएका बोलपत्रहरु मध्ये प्राविधिक प्रस्तावको मूल्यांकनमा निम्नानुसारको बोलपत्रदाता प्राविधिक प्रस्ताव अनुसारको शर्तहरु पुरा गर्न सफल भएको हुँदा सफल बोलपत्रदाताले पेश गरेको आर्थिक प्रस्ताव मिति २०७५।०३।१५ गते दिनको २:०० बजे यस कार्यालयमा खोलिने भएकोले सार्वजनिक खरिद नियमावली २०६४ को नियम ३१ ङ को उपनियम (५) को प्रयोजनार्थ सम्वन्धित सबैलाई जानकारी गराइन्छ ।

| सि. नं | ठेक्का नं. | कामको बिवरण | प्राविधिक प्रस्तावमा सफल भएको बोलपत्रदाता |
|---|---|---|---|
| १ | TIACAO/ CED/17/074-75 | Clean and Maintain the International Terminal and Other Building Complexes Including Solid Waste Management at TIA | श्री इनोभेटिभ एच आर सोलुसन प्रा.लि., काठमाडौं । |



**सिलबन्दी दरभाउपत्र स्वीकृत गर्ने आशयको सूचना**

**सूचना प्रकाशित मिति: २०७५/०३/०८ गते**

**यस गाउँ कार्यपालिकाको कार्यालयबाट मिति २०७५/०२/१५ गतेको समाचारपत्रमा प्रकाशित सिलबन्दी दरभाउपत्र आह्वानको सूचना अनुसार प्राप्त हुन आएका सिलबन्दी दरभाउपत्रहरूमध्ये तल उल्लेखित दरभाउपत्रदाताको सिलबन्दी दरभाउपत्र न्युनतम मूल्याङ्कित सारभूत रूपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनोट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ तथा सोही ऐनको दफा ४७ को प्रयोजनको लागि यो सूचना प्रकाशित गरिएको छ ।**

| सि.नं. | शिलबन्दी दरभाउपत्र नं. | कामको विवरण नाम र ठेगाना | छनोट भएका दरभाउपत्रदाताको नाम र ठेगाना | कबोल अंक मू.अ.कर सहित रु. |
|---|---|---|---|---|
| १. | ३/०७४/७५ | खानेपानी धारा सप्लाई गर्ने कार्य | यादव सप्लायर्स करैया-३ बारा | १७,३४,३१२/७ |
| २. | ४/०७४/७५ | डेरी ईक्विपमेन्ट खरिद | नेपाल चिलिङ्ग भ्याट इन्डस्ट्रिज, हेटौडा, मकवानपुर । | ९,८३,४७१/७७ |

**करैयामाई गाउँ कार्यपालिकाको कार्यालय**
**करैया, बारा**